## शे-फोक्सुण्डो  गाउँपालिका भित्र सार्वजनिक क्षेत्रमा होटल, लज तथा चिया पसल संचालन कार्यविधि, २०७६

**स्वीकृत मिति : २०७६।०३।११**

**१. पृष्ठभूमीः**

शे-फोक्सुण्डो  गाउँपालिका भित्र संञ्चालन हुने होटल, लज तथा चिया पसलहरुलाई को सर्वोपरी हित अनुकुल हुने गरी व्यवस्थित एवं संरक्षणमुखी बनाई गुणस्तरीय पर्या-पर्यटन सेवाको माध्यमबाट यस क्षेत्रको जैविक विविधता एवं साँस्कृतिक सम्पदाहरुको संरक्षणमा टेवा पुऱ्याउने र रोजगारी एवं आर्थिक अवसरहरु सिर्जना गरी स्थानीय समुदायको जीवनस्तमा सुधार ल्याउनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को खण्ड (ध) मा भएको व्यवस्था अनुसार गाउँपालिकाले "**शे-फोक्सुण्डो  गाउँपालिका भित्र होटल, लज तथा चिया पसल संचालन कार्यविधि, २०७६**" जारी गरेको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "शे-फोक्सुण्डो  गाउँपालिका भित्र होटल, लज तथा चिया पसल संचालन कार्यविधि, २०७६" रहेको छ

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**३. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) ऐनु भन्नाले : स्थानिय सरकार संचालन ऐन,२०७४ सम्झनु पर्दछ ।

(ख) मन्त्रालय भन्नाले : प्रदेशमा उद्योग, वन तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश र संघमा  वन तथा भू-संरक्षण मन्त्रालय सम्झनु पर्दछ ।

(ग) संचालक भन्नाले : यस कार्यविधि बमोजिम अनुमति प्राप्त गरी संञ्चालन हुने होटल, लज तथा चिया पसल सञ्चालकलाई सम्झनु पर्दछ ।

(घ) व्यवसाय भन्नाले : यस कार्यविधि बमोजिम अनुमति प्राप्त गरी सञ्चालन हुने होटल, लज तथा चिया पसल सञ्चालकलाई सम्झनु पर्दछ ।

**४. संचालकको छनोट तथा अनुमतीः**

१) गाउँपालिकाले पर्यटकीय सेवा सुविधाको आवश्यकता र पर्यावरणीय पक्षको समेत अध्ययन गरी स्वीकृत व्यवस्थापन योजनाको परिधिभित्र रही होटल, लज तथा चिया पसल सञ्चालन गर्न आवश्यक देखिएमा खुल्ला प्रतिस्पर्धाको माध्यमबाट निवेदन आव्हान गरी होटल, लज तथा चिया पसल संचालकको छनोट गर्ने छ ।

२) होटल, लज तथा चिया पसल संचालन गर्न चाहने सञ्चालकले आफूले सञ्चालन गर्न चाहेको व्यवसायको प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नु पर्ने छ । प्राविधिक र आर्थिक प्रस्तावको मूल्याङ्कनबाट सबैभन्द बढि अंक प्रप्त गर्ने प्रस्तावकलाई व्यावसाय संचालनका लागि छनोट गरिनेछ ।

३) होटल, लज तथा चिया पसलको लागि स्थान छनोट गर्दा देहायको परिधिभित्र रही गर्नुपर्नेछ ।

(क) ५००० मीटर भन्दा कम उचाईका स्थान हुनुपर्ने छ ।

(ख) पानीको स्रोत वा मुहानबाट कम्तिमा ५० मीटर टाढा हुनुपर्ने छ ।

(ग) जैविक विविधता, प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई हानी नोक्सानी नहुने हुनुपर्ने छ ।

(घ) बाढी, पहिरो, हिउँपहिरो जस्ता जोखिमहरुबाट मुक्त तथा पर्यटकीय सुरक्षाका दृष्टिकोणले समेत खतरामुक्त हुनुपर्ने छ ।

(ङ) संरक्षित वनस्पति एवं वन्यजन्तुको बासस्थान र हिंडडुल गर्ने मार्ग, पानी पिउने ठाउंलाई बाधा नपुग्ने हुनुपर्ने छ ।

४. प्रतिस्पर्धाको आधारमा छनोट भएका सञ्चालकलाई बढिमा १५ वर्ष सम्मको लागि करार सम्झौता गरी होटल, लज तथा चिया पसलको सञ्चालन अनुमति दिइने छ। अनुमति पत्रको ढाँचा अनुसूची-१ बमोजिमको हुने छ ।

**५. व्यवसायी छनोट गर्दा निम्नानुसार प्राथमिकता दिईने छ।**

क) तथा मध्यवर्ती क्षेत्र भित्रका बासिन्दाहरु ।

ख) लामो समयदेखि जैविक विविधता तथा बातावरण संरक्षणमा योगदान पुऱ्याएका व्यक्तिहरु ।

ग) संरक्षणमा नकारात्मक असर पुऱ्याउने खालका गतिविधीहरु छाडी होटल, लज तथा चिया पसल सञ्चालन गर्न चाहने व्यवसायी ।

**६. संचालन र व्यवस्थापन**

१) आफ्नो व्यावसाय सञ्चालन गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार सञ्चालक आफैंले निर्माण गर्नु पर्नेछ र करार सम्झौताको म्याद सकिएपछि नेपाल सरकारलाई फिर्ता गर्नुपर्नेछ ।

२) यो कार्यविधि जारी हुनु भन्दा पहिल्यै सञ्चालनमा रहेका र हाल करार म्याद समाप्त भएका होटल, लज तथा चिया पसलको हकमा यसभन्दा अगाडि संचालन भएको कार्यको अनुगमन प्रतिवेदनबाट म्याद थप गर्न उपयुक्त हुने देखिएमा र नेपाल सरकारलाई बुझाउनुपर्ने सवै रकम यस अगाडिनै बुझाइसकेको भएमा अन्तिम पटक बढीमा १५ वर्षको म्यादा थप गर्न सकिनेछ ।

३) सञ्चालकले व्यवसाय सञ्चालनका लागि प्राप्त जग्गा र संरचनाहरु कुनै व्यक्ति वा संस्थाको नाममा ठेक्का भाडा वा अन्य कुनै रुपमा हक हस्तान्तरण गर्न पाउनेछैन ।

४) सञ्चालकको मृत्यु भएमा सम्झौताको म्याद बांकी रहेको अवधिसम्मको सञ्चालन अनुमती हकवालाका नाममा हस्तान्तरण गरिनेछ ।

५) संचालकले अनुसूची २ बमोजिमका सेवा सुविधाहरु उपलव्ध गराउन सक्नेछन् । प्रचलित ऐन नियमद्वारा निषेधित क्रियाकलापहरु संचालन गरेमा सोही बमोजिम सजाय हुनेछ ।

६) सञ्चालकले सेवा सुविधा प्रदान गर्दा नेपाल सरकारको नियमानुसार अन्य निकायहरुबाट समेत लाइसेन्स वा स्वीकृति लिनुपर्ने भएमा तत् तत् निकायबाट समेत अनुमति लिनुपर्नेछ ।

७) सञ्चालकले भौतिक संरचना निर्माणका लागि अनुसूची ३ बमोजिमको नाप, डिजाइन र बास्तुकला सहितको नक्शा तयार गरी प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ। बिना स्वीकृति निर्माण गरिएको पाइएमा ती संरचनाहरु गाउँपालिकाले भत्काउन सक्नेछ र भत्काउंदा लाग्ने खर्च संचालकले बेहोर्नु पर्नेछ ।

८) यो कार्यविधि लागू हुनुभन्दा अगावै नक्शा पास नगरी निर्माण गरिएका वा स्वीकृत नक्शाभन्दा फरक डिजाइन र क्षमता अनुसार निर्माण गरिएका होटल तथा लज लगायतका संरचनाको हकमा नयाँ नक्शा स्वीकृत गरिए पश्चात मात्र म्याद थपको प्रकृया अगाडि बढाइनेछ ।

९) व्यवासय संचालन गर्दा अनुसूची ४ बमोजिमका बूंदाहरुको पालन गरी जैविक विविधता, प्राकृतिक एवं सांस्कृतिक संम्पदा र वातावरण संरक्षणको सुनिश्चिततामा ध्यान दिनु पर्नेछ ।

१०) होटल, लज तथा चिया पसलको अधिकतम क्षेत्रफल, क्षमता र बार्षिक न्यूनतम शुल्क अनुसूची ५ बमोजिम हुनेछ। आफ्नै भवन भाडामा लागउँदा अनुसूची ५ बमोजिमको शुल्कमा भाडा वापतको थप शुल्क तोकि न्यूनतम शुल्क निर्धारण गर्नेछ ।

११) संझौता अवधिभर हरेक बर्ष स्वीकृत/सम्झौता रकममा १०५ बद्धि हुनेछ ।

## ७. पर्यटक सेवा र सूचना

१) संचालकले आफूले प्रदान गर्ने सेवा सुविधाहरु, आफ्नो क्षेत्रको पर्यटकीय आकर्षणहरु, पर्यटक सुरक्षाका सवालहरु र वातावरण तथा संस्कृति संरक्षणका लागि लागू गरिएका आचार संहिता लगायतका सूचनाहरु नेपाली र अंग्रेजी भाषामा प्रष्टसंग देखिने गरी लेख्नु पर्नेछ ।

२)सञ्चालकले आफ्नो रुटको पर्यटकीय आकर्षण र सेवा सुविधा झल्काउने नक्शा राख्नुपर्नेछ ।

३) शौचालय, फोहोर फाल्ने टोकरी, डाइनिङ, बेड रुम लगायतका ठाउंहरु देखाउनका लागि नेपाली र अंग्रेजी भाषामा लेखिएका संकेत चिन्ह राख्नु पर्नेछ ।

४) होटल, लज तथा चिया पसलको बोर्ड तयार गर्दा अनिवार्य रुपमा
बोर्डको सिरानमा शे-फोक्सुण्डो गाउँपालिका लेख्नु पर्नेछ।

५) साइनबोर्ड तथा संकेत चिन्ह एवं पर्यटकीय सूचना बोर्ड निर्माण गर्दा पृष्ठमूमिको रंग पहेलो र अक्षर कालो रंगको प्रयोग गर्नु पर्नेछ ।

६) पर्यटकीय आकर्षण बोर्ड तथा नक्शाको हकमा भने आवश्यकता अनुसार विभिन्न रंग र रंगीन तस्वीरको प्रयोग गर्न सकिनेछ। तर पृष्ठभूमिको रङ भने पहेलो नै हुनु पर्नेछ।

७) संकेत चिन्ह निर्माणकालागि आवश्यक पर्ने काठ बाहिरबाट ल्याई निर्माण गर्नु पर्दछ । काठको विकल्पमा बाक्लो फलामे पाताको प्रयोग गर्न सकिनेछ।

८) होटलका साइनबोर्ड लगायतका कुनैपनि सूचना तथा संकत चिन्हहरु फ्लेक्स प्रिन्ट (Flex Print) मा निर्माण गर्न पाइने छैन। पर्यटन आकषर्ण नक्शाको हकमा भने गाउँपालिकाले तोकिएका स्थानहरुमा फ्लेक्स प्रिन्ट राख्न सकिनेछ।

९) आफ्नो होटल, लज वा चिया पसलमा आउने पर्यटक र सम्वद्ध टोलीको सुरक्षा गर्ने दायित्व सञ्चालकको हुनेछ।

१०) प्रत्येक होटल, लजले संग परामर्श गरी अनिवार्य रुपमा अनुसूची ६ बमोजिमको ढांचामा पर्यटकको रेकर्ड राख्नुपर्नेछ।

## ८. कर्मचारी सम्वन्धी व्यवस्था

१) कामदार तथा कर्मचारी नियुक्त गर्दा सम्भव भएसम्म स्थानीय बासिन्दालाई प्राथमिकता दिनु पर्नेछ ।

२) कामदार तथा कर्मचारीले नागरिकताको प्रतिलिपी र फोटो समेत समावेश गरी आफ्नो दर्जा खुलाई बाट परिचय पत्र लिनुपर्नेछ।

३) बाट परिचय पत्र प्राप्त कर्मचारीलाई क्षेत्रभित्र निशुल्क प्रवेश गर्न र हिंडडुल गर्न बन्देज लगाइने छैन ।

४) कामदार तथा कर्मचारीहरु पर्यटनसंग सम्वन्धित काम बाहेकका अन्य क्रियाकलापमा संलग्न हुन पाउने छ।

५) होटल, लज तथा चिया पसल संचालकले आफ्नो पहलमा कामदार तथा कर्मचारीलाई देहाय बमोजिमका विषयमा अभिमुखीकरण गराउनु पर्नेछ।

क) होटल तथा लज सञ्चालन कार्यविधि अभिमुखीकरण

ख) अतिथी सत्कार तथा लज व्यवस्थापन

ग) फोहोरमैला व्यवस्थापन

घ) जैविक विविधता, प्राकृतिक एवं सांस्कृतिक सम्पदा संरक्षण

ङ)	प्राथमिक उपचार तथा आधारभूत सरसफाई

च) अंग्रेजी भाषाको सामान्यज्ञान

छ)	पर्यटक सुरक्षा र सावधानी सम्वन्धी सामान्यज्ञान

**९. अनुगमन तथा प्रतिवेदन**

१) सञ्चालकले अनुसूची ७ बमोजिम प्रत्येक अघिल्लो आर्थिक वर्षको वार्षिक प्रतिवेदन श्रावण महिना भित्र  गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

२) होटल, लज तथा चिया पसलहरुको व्यवसायिक दक्षता अभिबृद्धि गर्न, पर्यटकीय  सेवा तथा सुविधाको गुणस्तर बृद्धिगर्न तथा पर्या पर्यटन विकासका प्रयासहरुलाई संस्थागत गर्नका लागि देहाय बमोजिम व्यवस्थापन समिति गठन गरिनेछ ।

क) गाउँपालिका अध्यक्ष -संयोजक

ख) सम्वन्धीत वडा कार्यालयको वडा अध्यक्ष -सदस्य

ग) स्थानीय होटल व्यवासयी संघको प्रतिनिधि -सदस्य

३) अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) होटल, लज तथा चिया पसल व्यवासयीयहरुको क्षमता अभिबृद्धिका लागि सुझाव दिने

ख) पर्यटकलाई उपलव्ध गराइएका सेवा सुविधा गुणस्तरीय भए नभएको बारेमा पर्यटक, ट्रेकिङ गाइड तथा पदयात्रा टोलीका सहयोगीसंग पृष्ठपोषण लिई आवश्यक सुधार गर्न निर्देशन दिने ।

ग) होटल, लज तथा चिया पसल सञ्चालक तथा मातहतका कामदार/कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि अन्य सरोकारवालाहरुसंग  समन्वय गरी अतिथी सत्कार, पर्यटन सेवा तथा सुविधा संरक्षण लगायतका विषयमा तालीम, गोष्ठी अध्ययन भ्रमण लगायतका कार्यक्रमहरु सञ्चालन गर्न व्यवसाय संचालकलाई निर्देशन गर्ने ।

घ) फोहोरमैला व्यवस्थापन तथा सरसफाइको सुनिश्चितता गर्न कार्यक्रमहरु सञ्चालन गर्न व्यवसायीलाई प्रोत्साहन गर्ने ।

ङ) अनुगमन तथा निरीक्षण गरी आवश्यक पृष्ठपोषण एवं सुधारका उपायहरु उपलव्ध गराउने ।

च) पर्यटकको रेकर्ड दुरुस्त राख्न होटल, लजहरुलाई अभिप्रेरित गर्ने ।

४) कार्यविधि बमोजिम होटल, लज तथा चिया पसल सञ्चालन भए नभएको सम्वन्धमा व्यवस्थापन समितिले वार्षिक रुपमा अनुगमन तथा मूल्यांकन गरी मा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

५) होटल तथा लजहरुको निरीक्षण हुंदा कार्यविधि विपरितका क्रियाकलापहरु भएको पाइएमा ले तत्काल आवश्यक सुझाव र सुधारका उपाय सहितको निर्देशन सञ्चालकलाई दिई सो को जानकारी विभागमा दिइनेछ ।

६)	समितिद्वारा दिइएको सुझाव एवं सुधारका उपायहरु कार्यान्वयन नगरेको खण्डमा कार्यालयले त्यस्ता होटल, लज तथा चिया पसल बन्द गरी कानून बमोजिम कारवाही प्रकृया अगाडि बढाउन सक्नेछ

**१०.	कारवाही तथा पुनरावेदन सम्बन्धी व्यवस्था**

१)	कार्यविधि विपरित काम गर्ने सञ्चालकलाई कार्यविधिले तोके बमाजिम तथा सम्बन्धित ऐन/नियम तथा` नियमावली बमोजिम कारवाही प्रकृया अगाडि बढाइनेछ ।

२)	कसुर सावित भएका सञ्चालकको सञ्चाल अनुमती पत्र रद्ध गरिनुका साथै भविष्यका लागि समेत राष्ट्रिय को जग्गामा होटल तथा लज सञ्चालन अनुमतिका लागि अयोग्य ठहरिनेछ ।

३)	यस कार्यविधिमा किटानीको साथ तोकिएको हकमा बाहेक सञ्चालकले गर्ने कसुरको दण्ड सजाय को प्रचलित नियमानुसार नै हुनेछ ।

शे(फोक्सुण्डो गाउँपालिका डोल्पा

## अनुसूची १

हाेटल, लज तथा चिया पसल सञ्चालन अनुमति पत्रको ढाँचा

शे-फोक्सुण्डो गाउँपालिका कार्यालय
गाउँकार्यपालिकाको कार्यालय
डोल्पा

फोटो

हाेटल, लज तथा चिया पसल सञ्चालन अनुमति प्रमाण पत्र

पेशा व्यवसाय दर्ता तथा सुचिकृत सम्वन्धी कार्यविधि २०७६ तथा गाउँपालिका भित्र सार्वजनिक क्षेत्रमा होटल, लज तथा चिया पसल संचालन कार्यविधि २०७६, को अधिनमा रही करार सम्झौतामा उल्लेखित शर्तहरु लागू हुनेगरी तपाई ......................जिल्ला........................... गाउँपालिका वडा नं. ... निवासी श्री ............................................ लाइ ........................................... (होटर्ल /लज/चिया पसल) सञ्चालन गर्न यो प्रमणपत्र प्रदान गरिएको छ। होटल तथा लजको नामः
करार सम्झौता अवधिः ..............वर्ष करार सम्झौता शुरु मितिः
........... करार अवधि समाप्त हुने मितिः ................
उपलव्ध गराउन पाउने सेँवा सुविधाहरुः कार्यविधि तथा करार सम्झौतामा उल्लेख भए बमोजिम

प्रमुख प्रशासकिय अधिकृत
शे-फोक्सुण्डो गाउँपालिका कार्यालय
डोल्पा :
मिति :

शे(फोक्सुण्डो गाउँपालिका डोल्पा

**अनुसूची २**

संचालकले उपलब्ध गराउन पाउने सेवा र सुविधाहरु

१. होटल तथा लजले उपलब्ध गराउने सेवा र सुविधाहरुः

(क) पर्यटकको आवास तथा खानपीन सुविधा
(ख) चिया, कफी तथा खाजा
(ग) पेय पदार्थ
(घ) क्याम्पिङ सुविधा
(ङ) तातोपानी /चिसोपानीको सादर सुविधा
(च) पदयात्रा तथा घोडचढीको व्यवस्था (स्वीकृत पदयात्रा मार्गमा मात्र)
(छ) गाउँ भ्रमण प्याकेज
(ज) सांस्कृतिक कार्यक्रम अवलोकन प्याकेज
(झ) हिमाल तथा भूपरिधि दृष्यावलोकन
(ञ) टेलिफोन तथा इन्टरनेट सुविधा
(ट) पैसा सटही सुविधा
(ठ) फोटोकपी

२. चिया पसलहरुले उपलब्ध गारउन पाउने सेवा र सुविधाहरुः

(क) चिया, कफी तथा खाजा
(ख) हल्का पेय पदार्थ
(ग) विहान र दिउँसोको खाना

शे.फोक्सुण्डो गाउँपालिका डोल्पा

## अनुसूची ३

निर्माण गरिने संरचनाको नाप, डिजाइन र वास्तुकला सम्बन्धी व्यवस्था

१. संरचनाको नाप नक्शा

(क) होटल, लज, चिया पसलले ओगट्ने क्षेत्रफल

(ख) किचेन तथा डाइनिङ

(ग) शौचालय तथा स्नान कक्ष

(घ) फोहोरमैला व्यवस्थापन संरचना

(ङ) कर्मचारी आवास

(च) पर्यटक विश्राम स्थल

छ) दृष्यावलोकन स्थल

(ज) अन्य

२. होटल तथा लजको न्यूनतम साइज सम्बन्धी व्यवस्थाः

| संचरना | न्यूनतम लम्वाई (फिट) | न्यूनतम चौडाई (फिट) | न्यूनतम उचाई (फिट) |
|---|---|---|---|
| सुत्ने कोठा | १० | १२ | ८ |
| शौचालय | ५ | ४ | ८ |
| स्नान कक्ष | ५ | ४ | ९ |
| पलङ | ७ | ३ | १.५ |
| ढोका | - | ३ | ७ |
| कोरिडोर | - | ४ | ८ |

३. वास्तुकला

(क) झ्यालको वास्तुकला स्थानीय संस्कृती झल्काउने र प्रकृति तथा भू-दृष्यलाई असर नगर्ने खालको हुनुपर्नेछ ।

(ख) काठको प्रयोग कम हुने गरि अन्य वैकल्पिक सामाग्रीको प्रयोग गर्नु पर्नेछ ।

(ग) संरचनाको छाना २ पाखे हुनु पर्नेछ । छानाको रङ हरियो हुनु पर्नेछ ।

(घ) भवन बढीमा दुई तल्ला (भूतल्ला समेत गरी) भन्दा अग्लो बनाउन पाइने छैन । भवनको सबभन्दा माथिल्लो तल्ला ढलान गर्न पाइने छैन ।

(ङ) पर्खाल (वाल) को रङ प्राकृतिक रङ (ढुंगा, माटो, काठ) वा चकलेट कलर (खैरो) हुनुपर्नेछ ।

(च) कोठा छुट्याउन तथा कोठाको तापक्रम सन्तुलित राख्न भित्तामा काठको प्रयोग गर्न पाइने छैन । प्लाइउड तथा फोमको प्रयोग गर्नु पर्नेछ ।

## अनुसूची ४

### स्थानिय सम्पदाको संरक्षण सम्वन्धी व्यवस्था

१. संचालकले जैविक विविधता तथा भू-परिधि र धार्मिक सम्पदाहरुको संरक्षणका लागि जनचेतना जगाउने खालका पोष्टर, पम्पेट, ब्रोसियर, डकुमेन्ट्री जस्ता संरक्षण शिक्षा सामाग्रीको उत्पादन, वितरण र प्रदर्शनीमा र सम्बद्ध निकायलाई सघाउनु पर्नेछ ।

२. क्षेत्रमा आगलागी भएमा तुरुन्त  तथा सुरक्षा निकायमा खवर गरी आगो निभाउन अग्रसर हुनु पर्नेछ ।

३. कुनै वन्यजन्तु वा पशु पन्छी घाइते, अपाङ्ग वा कमजोर अवस्थामा भेटिएमा त्यसको संरक्षण र हेरविचार गरी लाई खवर गर्नु पर्नेछ ।

४. निषेधित वन्यजन्तु, त्यसका अङ्ग तथा आखेटोपहार एवं वनस्पति र सो को प्रयोग गरी बनाइएका हस्तकलाका सामग्रीहरु
वेचविखन गर्न पाइने छैन ।

५. तोकिएको पदयात्रा मार्ग बाहेकका पदमार्गहरुमा पदयात्रा गर्न गराउन पाइने छैन ।

६. पर्यटक प्रयोजनको लागि होटल, लज तथा चिया पसलमा दाउराको खपत कम हुने उर्जा तथा प्रविधिका प्रयोग गर्नु पर्नेछ ।

७. दाउराको विकल्पको रुपमा विजुली, सौर्य शक्तिबाट चल्ने कुकर/व्वाइलर, वायो व्रिकेट, गायँस, मट्टीतेल जस्ता वैकल्पिक इन्धन प्रयोग गर्नु पर्नेछ ।

८. तातोपानीमा नुहाउने प्रयोजनका लागि अनिवार्य रुपमा वैकल्पिक उर्जाको प्रयोग गर्नु पर्नेछ । दाउरा बाली पानी तताउन पाइने छैन ।

९. अफ सिजनमा निजी तथा कर्मचारीको प्रयोजनका लागि ले तोकेको समयमा जंगलबाट ढलापडा, सुकेका तथा खोला नदीले बगाई ल्याएका दाउरामात्र संकलन गरी बाल्न पाइनेछ ।

१०. दाउरा मात्र संकलनकालागि नियमानुसार बाट पूर्जी लिनुपर्ने छ । यसरी प्राप्त दाउरा व्यावसायीक प्रयोजनका लागि .... गर्न पाइने छैन ।

११. दाउराको लागि हरियो रुख काट्न निषेध छ । सुकेका  तथा ढलापडा रुखका हकमा महत्वपूर्ण वन्यजन्तु तथा पंक्षीको वासस्थान तथा जैविक क्रियाकलापमा असर नगर्ने स्थानबाट मात्र संकलन गर्नु पर्नेछ ।

१२. संचालकले होटल, लज, चिया पसल कर्मचारी आवास तथा अन्य ठाउंहरु सदैव सफा र स्वस्थ्य हालतमा राख्नु पर्दछ ।

१३. प्लाष्टिकको झोला र शिशाको बोलतको वियर प्रयोग गर्न पाइने छैन ।

१४. धार्मिक तथा सांस्कृतिक सम्पदा जस्तै गुम्वा, स्तुपा, मानी, मन्दिर आदिलाई ओझेलमा पार्नेगरी वा विस्थापिन हुनेगरी संरचना निर्माण गर्न पाइने छैन । यस्ता सांस्कृतिक सम्पदा र निर्माण गरिने संरचनाबीचको दुरी न्यूनतम १०० मीटर हुनुपर्दछ ।

१५. १०० मिटर वरिपरीको फोहोरमैला संकलन तथा व्यवस्थापन गर्ने जिम्मा सञ्चालकको हुनेछ । जोडिएर रहेका होटल, लज, चिया पसल भएको अवस्थामा फोहोरमैला व्यवस्थापन गर्ने जिम्मा मिलेर गर्नुपर्नेछ ।

१६. होटल, लज, चिया पसल बाट निस्कने फोहोरलाई ५० मिटर आसपासको दुरीमा फोहोरका प्रकृति अनुसार उचित व्यवथापन गर्नु पर्नेछ ।

१७. फोहोर संकलन गर्ने तथा जलाउने ठाउं पानीको स्रोत तथा मुहान भन्दा कम्तीमा १०० मिटर टाढा हुनु पर्नेछ । साथै प्राकृतिक सौन्दर्यमा खलल नपुग्ने र वन्यजन्तुको क्रियाकलापमा समेत असर नपुग्ने हुनु पर्नेछ ।

१८. स्नान कक्ष तथा भान्साकोठाबाट निस्कने दुषित पानीलाइ उपयुक्त तरिकाबाट उपचार गरी करेशावारी वा सुरक्षित स्थानमा निकास दिनु पर्नेछ । पदमार्गलाई कुरुप बनाउने गरी, भिराले जमिनमा पहिरो जाने गरी र पानीको स्रोतमा मिसिने गरी पानी फाल्न पाइने छैन ।

१९. पानीको मुहान खोला तथा नदीमा घाडा तथा सावुन लगाएर कपडा धुन पाइने छैन ।

## अनुसूची ५

होटल, लज तथा चियापसलको लागि क्षेत्रफल, क्षमता र वार्षिक शुल्क

| क्र.सं. | व्यवसाय | अधिकतम क्षेत्रफल | अधिकतम क्षमता | न्यूनतम वार्षिक शुल्क |
|---|---|---|---|---|
| १ | होटल, लज | २ देखि ५ रोपनी | २० कोठा | रु. २,००,०००।- |
| २ | चिया पसल | १ रोपनी | - | रु. १,००,०००।- |

## अनुसूची ६

## पर्यटक रेकर्डमा खुलाउन पर्ने कुराहरु

(क) होटलमा प्रवेश गरेको मिति

(ख) पर्यटकको पुरा नामथर तथा सम्पर्क नम्वर

(ग) देशको नाम तथा राहदानी नम्वर

(घ) शे-फोक्सुण्डो  गाउँपालिका क्षेत्रमा जम्मा बसाई अवधि

(ङ) भ्रमणको उदेश्य

(च) होटलबाट प्रस्थान मिति

(छ) ट्रेकिङ एजेन्सी वा गाइडको नाम

शे फोक्सुण्डो गाउँपालिका डोल्पा

## अनुसूची ७

## व्यावसायीले पेश गर्नुपर्ने वार्षिक प्रगति प्रतिवेदनको ढाँचा

श्री शे-फोक्सुण्डो गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

डोल्पा

शे-फोक्सुण्डो गाउँपालिका भित्र सार्वजनिक क्षेत्रमा होटल, लज तथा चिया पसल सञ्चालन कार्यविधि २०७० को दफा ८ बमोजिम आर्थिक वर्ष .................... को वार्षि प्रतिवेदन पेश गरेको छु ।

तपशिल :

१. होटल, लजमा वसेका आन्तरिक तथा वाह्य पर्यटक र तिनीहरुको बसेको दिन तथा संख्या

| महिना | आन्तरिक पर्यटक | बाह्य पर्यटक | जम्मा |
|---|---|---|---|
| | | | |

२. पर्यटकको सरदर बसाई अवधि .... दिन र सरदर दैनिक खर्च ............ रुपैया ।

३. होटल, लज तथा चिया पसलले क्षेत्र र बाहिर आफ्नो व्यावसाय र सगरमाथा क्षैत्रको पर्यटन प्रवर्द्धनको लागि गरिएका क्रियाकलापहरुको विवरण:

४. होटल/लज तथा चिया पसलमा कार्यरत कामदार/ कर्मचारी संख्या

क्र.सं. नाम/थर दर्जा स्थानीय /बाह्य

५. कामदार /कर्मचारीलाई उपलव्ध गराइएको सीप/व्यवसायमूलक तालीम

क्र.सं. तालीमको नाम स्थान उपलव्ध गराउने निकाय

६. जैविक विविधता प्राकृतिक तथा साँस्कृतिक सम्पदा संरक्षणका लागि होटल/लजले पुऱ्याएको योगदान

७. ................

८. ...............

प्रतिवेदन पेश गर्ने: हस्ताक्षः नाम थरः मितिः

................ होटल/लज